
# 'एनिमल' बन्यो धेरै कमाउने सातौं भारतीय फिल्म




एजेन्सी । रणवीर कपुर स्टारर भारतीय फिल्म 'एनिमल'ले नेपालसहित भारत र विश्वभर उत्कृष्ट कमाइ गरिरहेको छ । १० दिनसम्म यो फिल्मले भारतीय बक्स अफिसमा ४३४.०२ करोड नेट कमाएको छ । जसमध्ये हिन्दी संस्करणमा मात्र ३३८.३८ करोड भारू नेट र दक्षिण भारतीय संस्करणमा ४५.६५ करोड नेट कमाइ गरेको उल्लेख छ । १० दिनमै सन्दीप रेड्डी भांगा स्टारर फिल्मले विश्वभर '७१७.४६ करोड नेट भारू कमाएको छ । शाहरूख खानको 'जवान'पछि 'एनिमल' छिटो ४०० करोड कमाउने दोस्रो बलिउड फिल्म बनेको छ । कोइमोइ डटकमका अनुसार यो फिल्म भारतीय फिल्मको इतिहासमा धेरै कमाउने सातौं फिल्म समेत बनेको छ । डिसेम्बर १ मा रिलिज भएको फिल्मलाई मिश्रित समीक्षा प्राप्त भयो । तर, लक्षित दर्शकीय वर्ग १८ देखि ३५ उमेर समूहले रूचाएकाले कमाइ राम्रो गरेको विश्लेषण छ । सामाजिक संजालमा यसबारे चलेका बहसको कारण पनि दर्शक ठूलो पर्दामा अनुभव लिन उत्साहित देखिएका छन् । दोस्रो आइतबार यो फिल्म ४०० करोड क्लबमा प्रवेश गरेको हो । यसको कमाइको गति तत्काल रोकिने देखिँदैन । 'एनिमल'ले 'बाहुबली : द बिगिनिङ'को लाइफटाइम कलेक्सन (४१८ करोड भारू), '२.०'को (४०८ करोड भारू) र 'दंगल'को (३८७.३८ करोड भारू)लाई समेत उछिनेको छ । एनिमल धेरै कमाउने सूचीको सातौं स्थानमा प्रवेश गर्दा रजनीकान्तको 'जेलर' (३४५ करोड भारू) भने सूचीबाट बाहिरिएको छ । केही दिनमै एनिमलले 'गदर २'को कमाइलाई उछिन्ने देखिन्छ । मंगलबारसम्म धेरै कमाउने भारतीय शीर्ष १० भारतीय फिल्मको सूची यस्तो छ :

१) बाहुबली : द कन्क्लुजन- १०३१ करोड भारू
२) केजीएफ : च्याप्टर २- ८५६ करोड भारू
३) आरआरआर -७७२ करोड भारू
४) जवान- ६४०.४२ करोड भारू
५) पठान- ५४३.२२ करोड भारू
६) गदर २- ५२५.५० करोड भारू
७) एनिमल- ४३४ करोड भारू
८) बाहुबली : द बिगिनिङ- ४१८ करोड भारू
९) २.०- ४०८ करोड भारू
१०) दंगल- ३८७.३९ करोड भारू

# भिमामा बिवाह न्युनिकरणको बिषयमा छलफल

**रौतामाई संवाददाता**
**कटारी, २६ मंसिर**

चौदन्डिगढी नगरपालिका वडा नम्बर ९ भिमाका समुदायसंग बाल विवाह न्युनिकरणको बारेमा छलफल कार्यक्रम सम्पन्न भएको छ । महिला सशक्तिकरण स्रोत केन्द्र उदयपुरको आयोजना र चौदन्डीगढी युवा महिला संजालको नेतृत्वमा "लैंगिक हिंसा विरुद्ध अन्त्यको सुनिश्चितता : महिला बालबालिकामा लगानीको ऐक्यवद्धता" भन्ने नारा संगै यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र उमेर नपुगि गरिने बिवाह न्युनिकरणको बिषयमा सो समुदाय संग छलफल गरिएको थियो ।

# कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित: २०८०/०८/२७**

प्रस्तुत विषयमा आ.व. २०८०/८१ मा कटारी नगरपालिका अन्तर्गत कटारी अस्पतालमा कामकाज गर्ने गरी तपसिल बमोजिमको कर्मचारी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुले ०७(सात) दिन भित्रमा कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उदयपुरमा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | सेवा/समूह/श्रेणी | माग संख्या | परिक्षा दस्तुर | परीक्षाको मिती | परीक्षाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्वा . २/२०८०/०८१ | वरिष्ठ मेडिकल सुपरीटेन्डेन्ट/मेडिकल जनरलिष्ट | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेस/नवौं तह | १ | २००० | २०८०/०९/०४ | अन्तरवार्ता | |
| २ | स्वा . ३/२०८०/०८१ | बालरोग विशेषज्ञ(कन्सल्टेन्ट पेडियाट्रिसियन) | स्वास्थ्य/पेडियाट्रिक्स/नवौं तह | १ | २००० | | अन्तरवार्ता | |

**आवश्यक योग्यता:**

१. वरिष्ठ मेडिकल सुपरीटेन्डेन्टको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट MDGP&EM कोर्ष उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
२. बालरोग विशेषज्ञ(कन्सल्टेन्ट पेडियाट्रासियन)को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट बालरोग विशेषज्ञ बिषयमा स्नातकोत्तर(एम.डी.पेडीयाट्रीक्स)उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने ।
३. उमेर हद: १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
४. दरखास्त दिने स्थान: कटारी नगरपालिकाको कार्यालय कटारी,उदयपुर ।
५. दरखास्त दिने अन्तिम मिती: २०८०/०९/०३ गतेसम्म कार्यालय समय भित्र ।
६. दरखास्त फारम पाइने स्थान: कटारी नगरपालिकाको कार्यालय राजस्व शाखा ।
७. आवेदन तथा संलग्न कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्र,काउन्सिलमा दर्ताप्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,अनुभव र तालिम भए सो को प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो ।
८. सेवा सुविधा : आपसी सम्झौता अनुसार ।
९. कार्यानुभव भएका उम्मेद्वारलाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत




# भुलसुधार

२०८० कार्तिक १७ गते प्रकाशित अंक ११० मा सानिमा रिलान्यस इन्सुरेन्स कम्पनिको रविना खत्रि को बिमा लेख न. १०५०००००२५९ हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।

स.

# विमालेख हरायो

मिति २०८०।०६।०३ गते गाईघाट देखि चुवाडे जांदा मेरो निम्न ब्यहोरा भएको सानिमा रिलायन्स इन्सुयरेन्स विमालेख हरायकोहुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरीचौकीमा वा सम्बन्धित इन्सुयरेन्स कम्पनिको कार्यलयको ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

**तपशिल**
नाम. रविना खत्री
विमा लेख न. १०५०००००२५९

**दिपक तथा ऋद्धि सिद्धि ज्वेलर्स**
यहाँ बिना रसायन पारम्परिक र आधुनिक दुवै किसिमको गरगहना ग्राहकको अर्डर बमोजिम बनाउनुका साथै उचित मुल्यमा खरिद बिक्री गरिन्छ ।
**साथै दिपक भाडा पसल**
यहाँ, कुकर, फिल्टर, राईस कुकर, काँशका थाल, बोटुका, स्टीलका भाडाकुडा, पितलका खड्कुला, तामा गाग्री, सिल्वरका भाडा आदी सुपथ मुल्यमा बिक्री गरिन्छ ।
प्रोप्राईटर, दिपक सोनी
सम्पर्क नं. : ०३५-४२०३०२
स्थान : त्रियुगा नगरपालिका ११ गाईघाट, उदयपुर













क्वालिटी पब्लिकेशनद्वारा प्रकाशित
सम्पादक : तुलसी प्रसाद कोईराला, बजार व्यवस्थापक : मिन बहादुर भण्डारी (मिनु) (९८४२८०५७२१), कार्यालय : त्रियुगा नगरपालिका ११, उदयपुर (त्रियुगा मा.वि. गेटसँगै)
सम्पर्क नं. : ०३५-५९०५००, ९८५२८३५५००, E-mail : rautamaidaily@gmail.com/udayapursimrik5@gmail.com मुद्रण : लक्ष्मी छापाखाना गाईघाट